सरकारी सम्पत्ति तथा जिन्सी मालसामान लिलाम बिक्री सम्बन्धी कार्यविधि, २०७९ अनुसूची - १०
(दफा ९ को उपदफा (१) संग सम्बन्धित)

नेपाल सरकार

गृह मन्त्रालय

सशस्त्र प्रहरी बल, नेपाल नं. ३५ गण हे.क्वा. शैलेश्वरी, कञ्चनपुर

पुराना सवारी साधनहरु तथा जिन्सी सामानहरुको लिलाम विक्री सम्वन्धी सिलवन्दी बोलपत्र आह्वानको सूचना

सूचना नं. :- १

प्रथम पटक प्रकाशित मिति २०८०/०६/०२ गते ।

सशस्त्र प्रहरी बल, नेपाल नं. ३५ गण हे.क्वा. शैलेश्वरी कञ्चनपुरमा रहेका तपसिल बमोजिमका पुराना सवारी साधनहरु तथा जिन्सी सामानहरु जे-जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गर्नुपर्ने भएकोले खरिद गर्न ईच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीहरुले निम्न लिखित शर्तहरुको अधीनमा रही सिलबन्दी बोलपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

सि.नं	सवारी साधन तथा जिन्सी मालसामानहरुको विवरण	बनेको साल	न्यूनतम मूल्य रु. (मु.अ.कर बाहेक)	बोलपत्र फाराम दस्तुर रु.	कैफियत
१	टाटा मोबाईल डबल क्याप थानः- १	२०१२	रु. १,६४,००० ।-	रु.१,०००।-	सवारी साधनहरु नामसारी हुने
२	Yamaha Gladitor Bike थानः- २	२००७	रु. ५,००० ।-		
३	पुराना जेनेरेटर, ब्याट्री, अन्य जिन्सी मालसमानहरु	-	रु.४१,७०० ।-		
जम्मा			रु. २,१०,७०० ।-		

बोलपत्र फाराम सशस्त्र प्रहरी बल, नेपाल नं. ३५ गण हे.क्वा. शैलेश्वरी कञ्चनपुरबाट प्रथम पटक सूचना प्रकाशित भएको मितिले ७ औं दिन मिति २०८०/०६/०८ गतेको कार्यालय समय भित्र बोलपत्र फारम तोकिएको दस्तुर फिर्ता नहुने गरी नगदै दाखिला गरी प्राप्त गर्न सकिने छ । बोलपत्र फाराम मिति २०८०/०६/०९ गतेको १२:०० बजे भित्र स.प्र.बल नेपाल नं. ३५ गण हे.क्वा. शैलेश्वरी कञ्चनपुरमा दर्ता गराई सक्नु पर्नेछ। रीतपूर्वक दाखिला भएका बोलपत्र फारामहरु सोही दिनको १४:०० बजे उपस्थित भएका बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएको कारणले मात्र बोलपत्र खोल्न बाधा पर्ने छैन। बोलपत्र फारम बिक्री, दाखिला र खोलिने दिन कारणवस सार्वजनिक विदा पर्न गएमा विदा पछाडिको पहिलो कार्यालय खुलेको दिन सोही समयमा हुनेछ। बोलपत्रदाताले बोलपत्रमा कबोल गरेको कुल रकमको १०% (दश) प्रतिशतले हुने रकममा नघटाई सशस्त्र प्रहरी बल, नेपाल नं. ३५ गण हे.क्वा. शैलेश्वरी कञ्चनपुरको कार्यालय कोड नं. ३१४०५७६०१ को कोष तथा लेखा नियन्त्रक कार्यालय, कञ्चनपुरको राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय कञ्चनपुरको धरौटी खाता नं. ४१८०१००१०२०३०००० मा नगदै दाखिला गरी सो को सक्कलै भौचर वा कम्तिमा ९० (नब्बे) दिन मान्य अवधिको कुनै बाणिज्य बैंक वा वित्तिय संस्थाबाट यस कार्यालयको नाममा जारी भएको सक्कलै बैंक जमानत (बैंक ग्यारेन्टी) बोलपत्र साथ पेश गर्नु पर्नेछ। स्वीकृत बोलपत्रदाताले बोलपत्र स्वीकृतिको जानकारी पाएको ७ (सात) दिनभित्र आफूले कबोल गरेको रकममा नियमानुसार लाग्ने मु.अ.कर १३% (तेह्र) प्रतिशत समेत थप गरी जम्मा हुन आउने रकम दाखिला गरी जिन्सी सामानहरु तथा सवारी साधनहरु उठाई लैजानु पर्नेछ । बोलपत्रदाताले नियमानुसार उठाई नलगेमा बोलपत्र कागजात साथ पेश गरेको बोलपत्र जमानत बापतको रकम यस कार्यालयले नियमानुसार जफत गरी प्रचलित कानून बमोजिम राजश्व दाखिला गरिने छ। लिलाम/बिक्रीमा भाग लिन चाहने व्यक्तिले नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि, ईच्छुक फर्म, संस्था वा कम्पनिहरुको ईजाजत प्रमाण-पत्रको प्रतिलिपि र कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्ने छ। अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ। उल्लेखित जिन्सी सामानहरु तथा सवारी साधनहरु हेर्न वा थप कुराहरु बुझ्नु परेमा कार्यालय समय भित्र सशस्त्र प्रहरी बल, नेपाल नं. ३५ गण हे.क्वा. शैलेश्वरी, कञ्चनपुरमा आई हेर्न र बुझ्न सकिनेछ वा यस कार्यालयको फोन नं.- ०९९-५४०१३३ र ९८५१२७२१४१ मा सम्पर्क राखी आवश्यक जानकारी लिन सकिनेछ। यस सम्बन्धी सूचना सशस्त्र प्रहरी बल, नेपालको **Web Site:- www.apf.gov.np** मा समेत राखिएको छ।

(प्रेम बहादुर रावल)
सशस्त्र प्रहरी उपरीक्षक
गणपति